*(श्री ५ को सरकार (मन्त्रीपरिषद्) को मिति २०५८/०६/०५ को निर्णयबाट स्वीकृत)*

# गाउं विकास समिति अनुदान कार्यक्रम संचालन निर्देशिका, द्ण्छड

## 1. परिचय

स्थानीय स्वायत्त शासन ऐन, २०५५ का सिद्धान्त तथा नीतिहरूलाई गाउँ विकास समितिमा प्रभावकारी रूपले कार्यान्वयन गर्न, गाउँ विकास समिति अनुदान कार्यक्रमलाई योजनाबद्ध रूपमा व्यवस्थित गर्न गराउन, गाउँ विकास समितिको संस्थागत क्षमता अभिवृद्धि गर्न स्थानीय निकायको विकासमा सघाउ पु¥याउने उद्देश्यले सोही ऐनको दफा २३६(२) को अधिकार प्रयोग गरी यो निर्देशिका तर्जुमा गरी लागू गरिएको छ ।

## 2. उद्देश्य

१. स्वायत्त शासनको **पद्धतिबाट** गरिबी निवारणमा सघाउ पु¥याउन **र** गाउँ विकास समितिको संस्थागत विकास गर्न,

२. सामाजिक परिचालनका माध्यमबाट स्थानीय श्रम, स्रोत र साधनको परिचालन गरी स्थानीय जनतालाई बढी से बढी सुविधा प्रदान **गरी दिगो विकासलाई बढावा दिन,**

३. सहभागितामूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासको माध्यमबाट गाउँ विकास समितिहरूलाई आत्मनिर्भर गराउन,

४. स्थानीय निकायको संस्थागत विकासका लागि मानवीय संशाधन तथा क्षमता अभिवृद्धिका साथै स्थानीय नेतृत्व विकासका कार्यक्रम सञ्चालन गर्न, गराउन,

५. सम्पन्न आयोजनाहरूको मर्मतसंभार गरी विकासको प्रतिफललाई निरन्तरता दिन,

६. गाउँ विकास समितिहरूको आयको क्षेत्र विस्तार गर्न **र** आयव्ययलाई पारदर्शी गराउन समयमा नै लेखापरीक्षण गराउने पद्धति बसाल्न ।

## 3. गाउँ विकास समिति अनुदान कार्यक्रम संचालन

स्थानीय स्वायत्त शासन ऐन, २०५५ दफा २६ को व्यवस्था बमोजिम आवधिक र वार्षिक योजना तर्जुमा गरी परिषद्बाट पारित भएअनुसार गाउँ विकास समितिले कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

## 4. गाउँ विकास समिति अनुदान कार्यक्रम तर्जुमा

### ४.१ गाउँको वस्तुगत विवरण तथा आवधिक योजना तयार गर्नुपर्ने

क) गाउँ विकास समितिले आफ्नो गाउँ विकास क्षेत्रको वस्तुगत विवरण (भिलेज प्रोफाइल) तथा आवधिक योजना तयार गर्नुपर्नेछ । यस्तो विवरण **आवश्यकता अनुसार** अद्यावधिक गर्नुपर्नेछ ।

ख) यस्तो विवरणको आधारमा गाउँ विकास समितिले आफनो क्षेत्रको विकासको सम्भावना र सीमा (Limitation) हरूको विश्लेषण गरी गाउँ परिषदमा पेश गर्नुपर्नेछ ।

### ४.२ आयोजना प्रस्ताव र स्वीकृति

क) **सामुदायिक संस्था,** उपभोक्ता समूह, गैरसरकारी संघ-संस्थाहरु र अन्य निकायहरुले स्थानीय आवश्यकतालाई पहिचान गरी आयोजना प्रस्तावहरु **वडा समिति मार्फत्** गाउँ विकास समितिमा पेश गर्नेछन् **र गाउँ विकास समितिले प्राथमिकता निर्धारण गरी परिषद्बाट स्वीकृत गर्नेछ ।**

ख) योजना तर्जुमा गर्दा स्थानीय स्वायत्त शासन ऐनको दफा ४३ को उपदफा (३) र (६) मा उल्लेख भएका कुराहरुलाई ध्यान दिनुपर्नेछ । थप देहायका कुराहरूमा पनि योजना तर्जुमा समयमा ध्यान पु¥याउनु पर्नेछः

अ) स्थानीय बजारको विकासमा टेवा पु¥याउने खालका आयोजनाहरु ।

आ) न्यून आय वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरु ।

इ) बढीभन्दा बढी स्थानीय सीप, साधन, प्रविधि र जनसहभागिता परिचालन हुने आयोजनाहरु ।

ई) स्वास्थ्य र वातावरण पक्षलाई संरक्षण र सम्बर्द्धन गर्ने किसिमका आयोजनाहरु ।

उ) वृद्धहरुको हित र कल्याणका लागि संचालन गरिने आयोजनाहरु ।

ऊ) बाटोघाटो, खानेपानी र भू-क्षय नियन्त्रण जस्ता आयोजनाहरु ।

ए) स्थानीय स्रोतसाधनले धान्न सक्ने **र** दिगो **प्रकृति**का आयोजनाहरु ।

ऐ) गैरसरकारी संस्थाको जिम्मेवारीमा समूहमा आयआर्जन गर्ने खालका आयोजनाहरु ।

ओ) गाउँ विकास समितिको भवन नभएका गाउँ विकास समितिमा गाउँ विकास समितिको भवन निर्माण गर्ने आयोजना ।

**औ) चेतना अभिवृद्धि, संस्थागत क्षमता वृद्धिको कार्यक्रम तथा तालिमहरू ।**

ग) आयोजनाको प्रस्तावहरु पेश गर्न गाउँ विकास समितिले **प्रत्येक आर्थिक वर्षको सुरुमा** कम्तीमा १५ दिनको समय दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

घ) यस्तो प्रस्ताव पेश गर्दा प्रस्तावकहरु आफूले परिचालन गर्ने जनसहभागिताको किसिम तथा परिमाण र आयोजनाको संचालन एवं मर्मत सम्भार सम्वन्धी व्यवस्था स्पष्ट रुपले खुलाउनु पर्नेछ ।

ङ) स्थानीय महिलाले नै सृजना गरी कार्यान्वयनमा उनीहरु प्रत्यक्ष रुपमा संलग्न रही लाभान्वित हुने कम्तिमा एक कार्यक्रम समावेश भएको हुनुपर्नेछ ।

### ४.३ प्रस्तावहरुको सूची र सम्भाव्यता अध्ययन

क) आफ्नो क्षेत्रको विकास सम्भावना र सीमाहरु समेतको आधारमा गाउँ विकास समितिले प्राप्त गरेका आयोजना प्रस्तावहरु **परिषद्बाट स्वीकृत गराई** अन्य गाउँ विकास समिति/ जिल्ला विकास समिति वा निकायहरुसँग मिलेर आपसी लाभ हुने आयोजनाहरु र अन्य उपयुक्त देखिएका आयोजनाहरुको सूची तयार गरी सम्भाव्यता **अध्ययन** गराउनेछ ।

ख) सम्भाव्य देखिएका आयोजनाहरुको गाउँ विकास समितिले, अनुमानित लागत (डिजाइन, इष्टिमेट) **मा निर्माण सामग्रीको विवरण पनि खुलाई** र प्राविधिकबाट **नेपाली भाषामा** तयार गर्न लगाउनेछ ।

### ४.४ प्रस्तावित कार्यक्रम र बजेट तर्जुमा

क) आयोजनाको स्वरुप, अनुमानित लागत (डिजाइन, इष्टिमेट) र तयार भैसकेपछि गाउँ विकास समितिले गाउँ विकास कोषबाट खर्च हुने सम्पूर्ण आयोजनाहरुको प्रस्तावित कार्यक्रम र बजेट तयार गर्नेछ। यसरी कार्यक्रम तयार गर्दा क्रमागत आयोजनाहरुलाई प्राथमिकताका साथ समावेश गर्नुपर्नेछ ।

ख) वार्षिक कार्यक्रम तर्जुमा गर्दा गाउँ विकास समितिले आफ्नो क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरु र जिल्ला विकास समितिको सहयोग लिन सक्नेछ । यस्तो सहयोग माग गरेको अवस्थामा आवश्यक सहयोग पुऱ्याउनु ती निकायहरुको कर्तव्य हुनेछ ।

### ४.५ जनसहभागिता

क) कार्यक्रम र बजेट तयार गर्ने सिलसिलामा आयोजनाहरुको छनौट गर्दा समान प्रकृतिका आयोजनाहरुमा बढी जनसहभागिता जुटाउने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ ।

ख) गाउँ विकास समितिमा सामाजिक परिचालन कार्यक्रमको माध्यमबाट गठन भई सञ्चालन भएका सहकारी/ सामुदायिक संस्थाहरूलाई कार्यक्रमहरूमा अधिकाधिक संलग्न गराउन यस्ता संस्थाहरूलाई कार्यक्रममा सहभागी गराउनुपर्नेछ ।

### ४.६ कार्यक्रम र बजेटको स्वीकृति

क) **निर्देशिकाको बुँदा** ४.४ वमोजिम तयार भएको प्रस्तावित कार्यक्रम र बजेट गाउँ परिषद्बाट स्वीकृत भएको हुनु पर्दछ ।

**ख)** गाउँ विकास समितिले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ६६ मा भएको व्यवस्थाअनुसार आगामी वर्षको लागि योजना तर्जुमा गर्दा सहभागितामूलक योजना प्रक्रिया अवलम्वन गरी वार्षिक बजेट र कार्यक्रम परिषद्बाट स्वीकृत **गराउनु पर्नेछ ।**

**ग)** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २३(४) मा भएको व्यवस्था अनुसार गाउँ परिषदबाट स्वीकृत **भई कार्यान्वयनका लागि सम्झौता भइसकेपछि** कार्यक्रम र बजेट **पुनः** संशोधन गर्न पाइने छैन । **परिषद्को बैठक र कार्य प्रक्रिया स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को परिच्छेद-२ बमोजिम भएको हुनुपर्नेछ ।**

**घ)** यसरी स्वीकृत भएको वार्षिक कार्यक्रम र बजेटको एकप्रति जिल्ला विकास समितिको कार्यालयमा पठाउने जिम्मेवारी गाउँ विकास समिति सचिवको हुनेछ । **गाउँ परिषद्बाट स्वीकृत बजेट र कार्यक्रमको जानकारी गाउँ विकास समितिको कार्यालयले सार्वजनिक गर्नु पर्नेछ ।**

## 5. मानवीय संशाधन विकास, सामाजिक सुरक्षा र कल्याणसम्वन्धी व्यवस्था

५.१ मानवीय संसाधनको विकास गरी ग्रामीण जनशक्तिलाई सक्षम र उत्पादनशील बनाउने उद्देश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो ।

५.२ **बुँदा** ५.१ मा उल्लेखित उद्देश्य प्राप्तिको लागि देहाय वमोजिमका क्षेत्रहरुमा प्राथमिकताका साथ लगानी **गर्न सक्नेछः-**

क) स्थानीय जनतालाई अत्यावश्यक भएका जनस्वास्थ्य, मातृशिशु कल्याण, साक्षरता एवं शिक्षा, कृषि, पशुस्वास्थ्य तथा कुटीर उद्योगका लागि व्यावसायिक ज्ञान, सीप जस्ता सेवाहरु सहज रुपमा उपलब्ध हुने किसिमले स्थानीय व्यक्तिलाई दिइने स्वरोजगारमूलक तालिम कार्यक्रमहरुको तर्जुमा गरी संचालन गर्नुपर्नेछ ।

ख) **आर्थिक रूपले विपन्न, सामाजिक रूपमा** पिछडिएका समुदाय वा जनजातिका लागि **उनीहरूको माग र सम्भाव्यताका आधारमा**स्थानीय क्षेत्रमा आवश्यक भएका रोजगारीमूलक पूर्वव्यावसायिक तालिम कार्यक्रमहरुमा लगानी गर्न **सक्नेछ ।**

ग) समूहमा संचालन गरिने सामुदायिक **तथा प्रजनन** स्वास्थ्य, परिवार नियोजन र मातृशिशु कल्याण, पोलियो तथा बाल खोप, भिटामिन ' ए' जस्ता बालस्वास्थ्य कार्यक्रमहरु **संचालन गर्न वा सम्पूरक रूपमा लगानी गर्न सक्नेछ ।**

घ) माथिका मानवीय श्रोत विकासका कार्यक्रमलाई असर नपर्ने गरी गाउँ विकास समिति क्षेत्रमा श्री ५ को सरकारबाट अनुमति प्राप्त भै संचालन भएका विद्यालयहरुको लागि थप शिक्षक आवश्यक पर्ने भए सो को व्यवस्था र थप शिक्षकको व्यवस्था गर्नुपर्ने विद्यालयहरुको छनौट गाउँ विकास समितिले गर्नेछ । छनौट भएका विद्यालयहरुमा थप शिक्षकको भर्ना गर्दा विद्यालय व्यवस्थापन समितिले गाउँ विकास समितिसँग स्वीकृति लिई निर्णय गर्नुपर्नेछ । यस सम्बन्धमा गाउँ विकास समितिले स्वीकृति प्रदान भएको शिक्षकका लागि चाहिने रकम वार्षिक कार्यक्रममा समावेश गरी परिषद्बाट अनुमोदन गराई सम्बन्धित विद्यालयसँग सम्झौता गरी अनुदानको रूपमा उपलब्ध गराउन सक्नेछ ।

ङ) आफ्नो गाउँ विकास क्षेत्रभित्र बसोबास गर्ने दलित तथा उपेक्षित जनजातिका बालबालिकाहरुलाई विद्यालय प्रवेशका लागि प्रोत्साहन गर्ने र बीचमै पढाई छोड्ने प्रवृत्ति निरुत्साहित गर्ने उद्देश्यले यस्ता बालबालिकाहरुलाई प्रति महिना निश्चित रकम प्रोत्साहनस्वरुप दिने । प्रोत्साहनस्वरुप दिने यस्तो रकम बजेटको सीमा हेरी गाउँ विकास समितिले तय गर्नेछ ।

च) प्राकृतिक प्रकोपपीडित परिवारहरुलाई राहतस्वरुप दिन छुट्याइने केही निश्चित रकम। यसरी छुट्याइएको रकम गाउँ विकास समितिको निर्णयानुसार राहत प्रदान गरिनेछ। राहत दिनु नपरेको अवस्थामा यो रकम संचित हुँदै जानेछ ।

छ) वृद्ध **एवम् असहाय विधवा तथा अपाङ्गहरुको** हित, सुरक्षा तथा कल्याणका लागि **श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम न्यून हुन आएमा स्वीकृत नीति बमोजिम रकम थप गरी वितरण गर्न सक्नेछ ।**

**५.३ कार्ययोजना बनाउनुपर्ने**

क) मानवीय **संशाधन** विकास, सामाजिक सुरक्षा **र कल्याण**को लागि गाउँ विकास समितिले प्रत्येक वर्ष कार्ययोजना बनाई रकमको बाँडफाँड स्वीकृत गर्नेछ ।

ख) तालिम कार्यक्रमहरु संचालन गर्नुअगावै तालिमको अनुगमन कार्ययोजना अनिवार्य रुपमा तयार गर्नुपर्नेछ ।

ग) स्वीकृत कार्ययोजना अन्तर्गत **स्थानीय निकाय, आर्थिक प्रशासन नियमावली**, २०५६ **र परिषद्बाट स्वीकृत विनियमावली बमोजिम खर्च गर्नुपर्नेछ ।**

## 6. गाउँ विकास समिति अनुदान निकासा प्रक्रिया

क) श्री ५ को सरकार**बाट** गाउँ विकास समितिलाई प्रदान गरिने **अनुदान** रकमलाई **स्थानीय विकास अधिकारीले** संचालन अनुदान र **कार्यक्रम** अनुदानमा वर्गीकरण गरी चौमासिक रुपमा निकासा **माग गर्न सिफारिश गर्नुपर्नेछ । यसरी वर्गीकरण गर्दा गाउँ परिषद्ले स्वीकृत गरेको बजेटमा अनुदानको २५ प्रतिशत भन्दा बढी संचालन अनुदानतर्फ छुट्याइएको भए पनि २५ प्रतिशत भन्दा बढी संचालन अनुदान निकासा सिफारिश गर्न पाइने छैन ।**

ख) **गाउँ विकास समितिले** प्रथम चौमासिक रकम निकासा माग गर्दा देहाय अनुसारको विवरण तथा कागजात अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछः-

१) अनुसूची-१ बमोजिमको चौमासिक निकासा माग पत्र ।

२) गाउँ परिषदबाट स्वीकृत वार्षिक कार्यक्रम, खर्चको अनुमान र **योजनाको विवरण** (**अनुसूची**-२) ।

३) गत आर्थिक वर्षमा संचालन भई सम्पन्न भएका र क्रमागत आयोजनाहरुको वार्षिक प्रगति विवरण ।

४) गत विगत वर्षमा कार्यक्रम कार्यान्वयनको लागि दिइएको तर फछ्र्यौट हुन बाँकी पेश्किको विवरण ।

५) चालु आर्थिक वर्ष भन्दा एक आर्थिक वर्ष अघिको अनुदान निकासा र खर्चको अन्तिम लेखा परीक्षणको प्रतिवेदन ।

ग) गाउँ विकास समिति अनुदानको प्रथम चौमासिक रकम **स्थानीय विकास अधिकारी**ले कोष तथा लेखा नियन्त्रक कार्यालयसँग निकासा**को लागि सिफारिश गरी माग** गर्दा अघिल्लो आर्थिक वर्षमा निकासा दिएको रकमहरुको **निकासा खर्च एवम् बाँकी** विवरण र फछ्र्यौट हुन बाँकी पेश्कि **गाउँ विकास समितिबाट प्राप्त** गर्नुपर्नेछ ।

घ) **स्थानीय विकास अधिकारीले अनुसूची-३ मा तोकिएको फाराम अनुसार रकम निकासाका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा सिफारिश सहित माग गर्नुपर्नेछ ।**

ङ) **स्थानीय विकास अधिकारीको सिफारिश सहितको माग** अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रथम चौमासिक रकम **गाउँ विकास समितिको खातामा सिधै जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयको स्वीकृतिमा खोलिएको गाउँ विकास समिति अनुदान खातामा जम्मा गर्नुपर्नेछ । यसरी जम्मा गर्दा प्राविधिक तथा प्रशासनिक सहयोग बापत दफा ८.२(ख) बमोजिमको रकम गाउँ विकास समितिहरूको वार्षिक अनुदानबाट हिसाब गरी जिल्ला विकास समितिको कार्यालयको खातामा स्थानीय विकास अधिकारीले जम्मा गर्नेछ । गाउँ विकास समिति अनुदान रकम पूर्णरूपमा अन्यत्र जाने भए तापनि जिल्ला विकास समितिलाई दिइनुपर्ने उक्त प्रशासनिक खर्च रकम कटाएर मात्र पठाउनु पर्नेछ । स्थानीय विकास अधिकारीले गाउँ विकास समितिलाई रकम निकासा दिएको जानकारी कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ । जिल्ला विकास समितिले गाउँ विकास समितिमा गएको र जिल्ला विकास समितिमा प्राप्त भएको रकमको हिसाब अनुसूची ४ बमोजिमको रजिष्टर खडा गरी राख्नु पर्नेछ । यसरी गाउँ विकास समिति अनुदान खातामा प्राप्त भएको रकम स्थानीय विकास अधिकारीले शिघ्र सम्बन्धित गाउँ विकास समितिको खातामा सिधै जम्मा गरिदिनेछ ।**

ङ) गाउँ विकास समितिले दोश्रो चौमासिक रकम माग गर्दा देहाय अनुसार**को विवरण स्थानीय विकास अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।**

१) प्रथम चौमासिक रकम माग गर्दा पेश गरेको विगतका वर्षहरुको **बाँकी रकम खर्च विवरण र** पेश्कीमध्ये फछ्र्यौटको पेश्की विवरण ।

२) प्रथम **चौमासिक** रकमबाट गरिएको कार्य प्रगति र खर्चको विवरण ।

३) **बुँदा** ११ को प्रकृया पु-याई आएका आयोजना र क्रमागत आयोजनाहरु समेतको वार्षिक प्रगति प्रतिवेदन उपर गाउँ परिषदले गरेको समिक्षा प्रतिवेदन ।

च) खण्ड " ङ" बमोजिमको प्रक्रिया पूरा गरी गाउँ विकास समितिले दोश्रो चौमासिक रकम माग गरेपछि **स्थानीय विकास अधिकारी** दोश्रो चौमासिक रकम निकासा **सिफारिश सहित माग गर्नेछ । यसरी माग प्राप्त भएपछि** कोष तथा लेखा नियन्त्रक कार्यालयले दोश्रो चौमासिक रकम**को** निकासा दिनुपर्नेछ ।

छ) गाउँ विकास समितिले तेश्रो चौमासिक रकम माग गर्दा देहायका प्रक्रिया पूरा गरी **स्थानीय विकास अधिकारी मार्फत्** माग गर्नुपर्नेछ ।

१) प्रथम चौमासिकको रकमबाट भएको कार्यको प्राविधिक मूल्यांकन सहितको यथार्थ प्रगति विवरण तथा दोश्रो चौमासिकको प्रगति प्रतिवेदन ।

२) गत विगत वर्षको फछ्र्यौट हुन बाँकी पेश्की लगत अनुसार कम्तीमा ७५ प्रतिशत पेश्कि फछ्र्यौटको विवरण ।

३) अघिल्लो आर्थिक वर्षको अन्तिम लेखा परीक्षण प्रतिवेदन ।

ज) खण्ड " छ" वमोजिमका प्रक्रिया पूरा गरी गाउँ विकास समितिले तेश्रो चौमासिक रकम माग गरेपछि **स्थानीय विकास अधिकारी**ले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयसँग तेश्रो चौमासिक रकम **निकासाका लागि सिफारिश सहित माग गर्नेछ ।** यसरी **माग** प्राप्त भएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले तेश्रो चौमासिक रकम निकासा दिनुपर्नेछ ।

झ) माथि **बुँदा**हरुमा जेसुकै लेखिएको भएतापनि गाउँ विकास समितिलाई उपलब्ध गराउनुपर्ने संचालन अनुदानको रकम गाउँ विकास समितिले **स्थानीय विकास अधिकारीको सिफारिश तथा मागमा** मागे वमोजिम पहिलो, दोश्रो र तेश्रो चौमासिकको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा दिनुपर्नेछ । संचालन अनुदान देहायका शीर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

१) गाउँ विकास समिति कार्यालयका कर्मचारीहरुको (प्राविधिक सहायक तथा अन्य) तलव भत्ता र अन्य सुविधा ।

२) अध्यक्ष तथा उपाध्यक्षको मासिक पारिश्रमिक र भत्ता ।

३) बैठक भत्ता र मसलन्द खर्च ।

ञ) - खर्च भएको तर प्रमाणका कागजात जुटाउन नसकेका कारणले बेरुजु फछ्र्यौट हुन नसकेका खर्चहरूलाई रुजु तथा नियमित गराउन लेखा समितिले गाउँ विकास समितिलाई सुझाव दिन सक्नेछ ।

- नेपाल राजपत्र, अतिरिक्ताङ्क १६, मिति २०५७।३।१९ को श्री ५ को सरकारको सूचना अनुसार स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को अनुसूचीहरूमा उल्लेख भएअनुसारका फारमहरूको विवरण प्रचलनमा ल्याउन सक्नेछ ।

ट) गाउँ विकास समिति अनुदान रकमको लेखापरीक्षण स्थानीय स्वायत्त शासन ऐन र तत्सम्बन्धी नियमावलीअनुसार हुनेछ ।

ठ) यस कार्यक्रम अन्तरगतको रकम खर्च गर्न पाइने छैनः-

१) वडापिच्छे दामासाहीले रकम बाँडफाँड गर्न,

२) कुनैपनि सेवा वा अन्य कार्यको लागि धरौटी राख्न,

३) जग्गा खरिद गर्न,

४) विकास कार्यक्रमको रकम सापटी ल्याई प्रशासनिक खर्च चलाउन ।

**ड) माथि बुँदा (क) देखि (झ) सम्मको प्रक्रिया पूरा भएको छ भनी स्थानीय विकास अधिकारीले दिएको सिफारिशपत्रको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा गर्नेछ। आर्थिक वर्षको अन्त्यमा जिल्ला विकास समितिमा खोलिएको गाउँ विकास समिति अनुदान खाता (ख-२) मा खर्च नभई बाँकी रहेको रकम फ्रिज हुनेछ।**

**ढ) गाउँ विकास समिति अनुदान खाता (ख-२) बाट गाउँ विकास समितिको खातामा बाहेक अन्य कुनै खातामा वा व्यक्तिलाई रकम निकासा दिइने छैन। तर बुँदा ८.२ (ख) बमोजिम जिल्ला विकास समितिको खातामा जम्मा गरिने रकमलाई भने असर गर्ने छैन।**

**ण) यस निर्देशिका बमोजिम गाउँ विकास अनुदान रकमको अख्तियारी स्थानीय विकास मन्त्रालयबाट स्थानीय विकास अधिकारीको नाममा जानेछ।**

**त) स्थानीय विकास अधिकारीले सम्बन्धित गाउँ विकास समितिको कार्यालयलाई यो निर्देशिका र अन्य थप निर्देशन सहित रकम खर्च गर्न निर्देशन पठाउनु पर्नेछ।**

## 7. गाउँ विकास समिति अनुदान कार्यक्रमको कार्यान्वयन

### ७.१ आयोजना कार्यान्वयन गर्ने प्रक्रिया

क) आयोजनाहरु साधारणतया उपभोक्ता समितिमार्फत संचालन गर्नुपर्नेछ। **उपभोक्ता समितिबाट संचालन गर्दा अनुसूची-५ बमोजिमको सम्झौता फाराममा सम्झौता गर्नुपर्नेछ।**

ख) उपभोक्ता समितिबाट संचालन हुन नसक्ने आयोजनाहरु कुन प्रक्रियाबाट संचालन गर्ने भन्ने वारेमा गाउँ विकास समितिले निर्णय लिनेछ।

ग) **स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५१(५) बमोजिम गैरसरकारी संस्थाबाट समेत योजना कार्यान्वयन गर्न सकिनेछ।**

घ) गाउँ विकास समितिको निर्णयानुसार अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन गर्ने भएपनि आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरुको भेलाबाट उपभोक्ता समिति गठन गरी सो समितिबाट रेखदेख र सुपरिवेक्षण गराउनु पर्नेछ।

ङ) खण्ड (ग) का आयोजना वाहेक अन्यमा गाउँ विकास समितिले आयोजना कार्यान्वयन गर्ने निकायसँग कार्यान्वयन कार्यतालिका सहित आयोजना कार्यान्वयनको सम्झौता गर्नुपर्नेछ। सम्झौता गर्दा उपभोक्ता समितिका सदस्य समेतको उपस्थितिमा गर्नुपर्नेछ।

च) सम्झौतामा निर्धारित समयमा कार्यान्वयन गर्ने निकायले आयोजना सम्पन्न गर्नुपर्नेछ। आयोजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसक्नाको औचित्यको आधारमा गाउँ विकास समितिले सम्झौताको म्याद थप गर्न सक्नेछ।

छ) **जानीजानी वा लापरबाहीले तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिसँग गाउँ विकास समितिले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ।**

### ७.२ उपभोक्ता समितिको गठन

क) गाउँ विकास समितिले **वडा समितिको सहभागितामा** आयोजनाबाट प्रत्यक्ष रुपमा फाइदा पाउने उपभोक्ताहरुको भेला गराई आयोजनाको अनुमानित लागत (लगत इष्टिमेट), कार्यतालिका, कार्यान्वयन गर्ने निकाय र प्रक्रियाको सम्वन्धमा जानकारी गराउनुपर्नेछ।

ख) गाउँ विकास समितिले यस्तो उपभोक्ता भेलाबाट प्रत्येक आयोजनाका लागि बेग्लाबेग्लै उपभोक्ता समिति गठन गर्नेछ।

ग) **गाउँ विकास कार्यक्रम लागू भएका वा गरिवी निवारणका लागि संचालित कार्यक्रमहरूमा सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था वा संस्थाहरूको संलग्नतामा पनि कार्यक्रम संचालन गर्न सकिनेछ।**

घ) दुई वा दुइभन्दा बढी गाविसहरु मिलेर संचालन गर्ने आयोजनामा संयुक्त उपभोक्ता समिति गठन गर्नुपर्नेछ। यस्तो उपभोक्ता समितिलाई सम्वन्धित गाउँ विकास समितिले अनुमोदन गर्नुपर्नेछ।

ङ) उपभोक्ता समितिको गठन, कार्यविधि, काम, कर्तव्य र अधिकार स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा तत्सम्बन्धी नियमावलीमा उल्लेख भए वमोजिम हुनेछ।

च) उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरु उपभोक्ता समितिको सचिवले लिखित रुपमा राख्नुपर्नेछ।

छ) **प्रत्येक उपभोक्ता समितिले अनुसूची-६ बमोजिमको प्रगति विवरण गाउँ विकास समितिमा उपलब्ध गराउनुपर्नेछ।**

**७.३ गाउँ विकास समितिबाट आयोजनाका लागि रकम निकासा र खर्च गर्ने तरिका**

क) आयोजना कार्यान्वयन गर्न **उपभोक्ता समितिसँग** सम्झौता भइसकेपछि गाउँ विकास समितिले कार्यान्वयन गर्ने निकायलाई गाउँ विकास समितिको कोषबाट किस्ताबन्दीमा रकम निकासा गरिदिनेछ । कति किस्तामा रकम निकासा दिने र प्रत्येक किस्तापछि लिनुपर्ने विवरण आयोजनाको प्रकृति हेरी **सम्झौतामा** निर्धारण गरिनेछ ।

ख) गाउँ विकास समितिले दोस्रो वा त्यसपछिका किस्ताहरु अघिल्लो किस्ताको प्राविधिक मूल्यांकन तथा प्रतिवेदन समेत हेरी उपलब्ध गराउनेछ ।

ग) आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले गाउँ विकास समितिबाट प्राप्त किस्ता रकम **सम्भव भएसम्म** नजिकैको बैंकमा खाता खोली राख्नुपर्नेछ । उपभोक्ता समितिको खाताको संचालन उपभोक्ता **समूहका कम्तिमा ७५% सदस्यले निर्धारण गरे बमोजिमका पदाधिकारीद्वारा संयुक्त दस्तखतबाट गर्नुपर्नेछ ।**

घ) किस्ताबन्दीको रकम प्राप्त गरिसकेपछि आयोजनाको अनुमानित लागत (लगत इष्टिमेट) अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरु कार्यतालिकाले निर्धारण गरेको समयभित्रै कार्यान्वयन गर्ने निकायहरुले आफैं वा संयुक्त रुपमा वा यस्ता निकायहरुको अनुरोधमा गाउँ विकास समितिले व्यवस्था गर्नुपर्नेछ ।

ङ) निर्माण सामग्रीहरु प्रचलित कानून अनुसार खरिद गर्नुपर्नेछ ।

च) खरिद भएका निर्माण सामग्रीहरू गुणस्तरीय **हुनुपर्नेछ ।**

छ) कार्यान्वयन गर्ने निकायले गाउँ विकास समितिबाट प्राप्त निर्माण सामग्रीहरु जिन्सी खातामा आम्दानी बाँधी सो को जानकारी गाउँ विकास समितिलाई दिनुपर्नेछ ।

ज) आयोजनाको हिसाव प्रचलित कानून बमोजिम राख्ने जिम्मेवारी कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव राख्ने सम्वन्धमा गाउँ विकास समितिको सचिवले आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

झ) गाउँ विकास समितिको स्तरमा आयोजनाहरुको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरुस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने र नियमित रुपमा भौतिक र वित्तीय प्रगति प्रतिवेदन पठाउने जिम्मेवारी गाउँ विकास समितिको अध्यक्ष र सचिवको हुनेछ ।

## 8. कार्यक्रम संचालनमा प्राविधिक सहयोगको व्यवस्था

**८.१ प्राविधिक सहायकको व्यवस्था**

क) गाउँ विकास समितिलाई कार्यक्रम संचालनमा सघाउ पु¥याउन एक जना प्राविधिक सहायक गाउँ विकास समितिकै प्रशासकीय नियन्त्रणमा रहने गरी नियुक्त हुनेछन् । नियुक्त प्राविधिक सहायकहरु न्यूनतम योग्यता पुगेका तालिमप्राप्त व्यक्तिहरु हुनेछन् ।

ख) यी प्राविधिक सहायकहरुले गाउँ विकास समितिबाट तोकिएका कामहरु गर्नेछन् ।

**ग) प्राविधिक सहायकको तलव भत्ता गाउँ विकास समिति कोषबाट व्यहोरिनेछ ।**

**८.२ <u>जिल्ला प्राविधिक कार्यालयमा प्राविधिकको व्यवस्था</u>**

**क) गाउँ विकास समिति अनुदानको उपयोगको लागि आवश्यक पर्ने प्राविधिक सेवा, सल्लाह, सुपरिवेक्षण एवम् अनुगमनको लागि जिल्ला विकास समितिमा नियुक्त भएका वा हुने प्राविधिकहरूलाई जिल्ला प्राविधिक कार्यालयको मातहतमा राखी कामकाज गराइनेछ ।**

ख) जिल्ला विकास समिति**को कार्यालयको परामर्शमा** इलाका वा भौगोलिक क्षेत्र तोकी **आवश्यक प्राविधिक सेवा** उपलब्ध गराउनेछ **। यस्तो सेवा प्रदान गर्न** ओभरसियर र सब-ओभरसियरको तलव, भत्ता, दैनिक भ्रमण भत्ता, आवश्यक प्राविधिक उपकरण र प्राविधिक काममा सघाउ पुग्ने अन्य सामग्रीहरुका लागि गाउँ विकास समितिमा श्री ५ को सरकारले पठाउने अनुदान रकमबाट तराईका जिल्लाहरुमा २ प्रतिशत, पहाडी जिल्लाहरुमा २.५ प्रतिशत र हिमाली जिल्लाहरुमा ३ प्रतिशत रकम **स्थानीय विकास अधिकारीले गाउँ विकास समिति अनुदान खाताबाट जिल्ला विकास समितिको खातामा जम्मा गर्नेछ ।**

**८.३ कार्यान्वयन गर्ने निकायले आफैं प्राविधिकको व्यवस्था गर्न सक्ने**

क) गाउँ विकास समितिसँगको समन्वयमा कार्यान्वयन गर्ने निकायले आफैं वा आपसमा मिली निर्धारित काम र सेवाशुल्कको आधारमा छुट्टै प्राविधिक वा रजिष्टर्ड प्राविधिक परामर्शदातृ फर्मको अस्थायी वा करारमा व्यवस्था गर्न सक्नेछ; र

ख) कार्यान्वयन गर्ने निकायको अनुरोधमा गाउँ विकास समितिले आफैं वा आपसमा मिलेर पनि करार वा अस्थायी रुपमा प्राविधिकको व्यवस्था गर्न सक्नेछ । **यस्तो प्राविधिक राख्दा स्थानीय विकास अधिकारीको पूर्व स्वीकृति लिनुपर्नेछ ।**

ग) प्राविधिकको व्यवस्थाको लागि गाउँ विकास समितिले श्री ५ को सरकारबाट प्राप्त पूँजिगत अनुदान रकमको तीन प्रतिशतसम्म भैपरी आउने रकम राख्न सक्नेछन् । यसबाट प्राविधिकको पारिश्रमिक, साधारण प्राविधिक उपकरण, सुपरिवेक्षण र मसलन्द खर्च व्यहोर्नुपर्नेछ ।

## 9. कार्यक्रम सञ्चालनमा जिल्ला विकास समितिको भूमिका

### ९.१ कार्यक्रम तर्जुमा तथा सञ्चालनमा टेवा

क) जिल्लास्तर वा अन्य कुनै कार्यक्रममा जिल्ला विकास समितिले गाउँ विकास समितिबाट साझेदारी (म्याचिङ् फण्ड) पूँजीको रूपमा योगदान लिनुपर्ने भएमा सम्बन्धित गाउँ परिषद्बाट योजना तथा कार्यक्रम किटान गरी स्वीकृत गरेपछि मात्र लिन सकिनेछ ।

ख) गाउँ विकास समितिमा जाने **गरी सिफारिश गरिएको** रकमको गाउँ विकास समितिगत छुट्टै आम्दानी, खर्च **विवरण** राख्नुपर्नेछ ।

ग) यो निर्देशिकाअनुसार गाउँ विकास समितिमा निकासा हुने रकमको नियमित अनुगमन गरी आर्थिक नियन्त्रण र अनुशासन कायम गर्ने **व्यवस्था गर्न सक्नेछ ।**

घ) स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१२ अनुसार स्थापना भएको सूचना तथा अभिलेख केन्द्रमा गाउँ विकास समितिको कार्यक्रम, बजेट, लेखापरीक्षण प्रतिवेदन आदि सबै विवरण अनिवार्य राख्नुपर्नेछ ।

### ९.२ कार्यक्रम तर्जुमामा टेवा

क) जिल्ला विकास समितिले गाउँ विकास समितिलाई वस्तुगत विवरण (भिलेज प्रोफायल), **आवधिक योजना तथा** अनुदान कार्यक्रम**बाट संचालन हुने योजना** तर्जुमा गर्ने कार्यमा **प्राविधिक** सहयोग पु-याउनेछ ।

ख) यस्तो कार्यमा जिल्ला विकास समितिले जिल्ला वा इलाकास्तरमा रहेका विभिन्न सरकारी वा अर्ध सरकारी निकायहरुसँग समन्वय गरी गाउँ विकास समितिको तहमा सहयोग पु-याउने व्यवस्था मिलाउनेछ ।

ग) दुई वा दुइ भन्दा बढी गाउँ विकास समितिले आपसमा मिली संचालन गर्ने योजनाहरुको हकमा जिल्ला विकास समितिले समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ ।

घ) गाउँ विकास समिति अनुदान कार्यक्रमको संचालनमा टेवा पु-याउन जिल्ला विकास समितिले गाउँ विकास समिति सचिव, प्राविधिकहरु, उपभोक्ता समितिहरु, गाउँस्तरका जनप्रतिनिधिहरु आदिलाई दिनुपर्ने तालिमको पहिचान गरी आफूले गर्न सक्ने तालिम आफैंले संचालन गर्ने र आफूले गर्न नसक्ने तालिमको हकमा केन्द्रमा सिफारिश गरी पठाउनेछ ।

### ९.३ विवादको समाधान

गाउँ विकास समिति अनुदान कार्यक्रमको संचालनमा विवाद श्रृजना भै गाउँ विकास समितिबाट टुङ्गो लाग्न नसकेका **विषयहरू स्थानीय विकास अधिकारीले** आवश्यक छानबिन **गरी गराई** विवादको **अन्तिम** टुङ्गो लगाउ**नु पर्नेछ ।**

### ९.४ <u>निकासा रकम रोक्का वा कम निकासा गर्न सक्ने</u>

अनुगमनको सिलसिलामा आयोजनामा रकम दुरुपयोग भएको वा अनुमानित लागत (लगत इष्टिमेट) अनुरुप काम नभएको **देखिएमा वा** प्रमाणित हुन आएमा **स्थानीय विकास अधिकारी**ले आयोजनामा भएको दुरुपयोगको गम्भीरता हेरी सुधारको लागि निर्देशन दिन सक्ने, **आंशिक रकम निकाशा सिफारिश गर्ने वा** काम रोक्का गरी कारवाहीको लागि आवश्यक कदम चाल्न सक्नेछ ।

## 10. कार्यक्रमको अनुगमन, समीक्षा र प्रगति प्रतिवेदन

### १०.१ गाउँ विकास समितिबाट अनुगमन

क) गाउँ विकास समितिको कोषबाट संचालित कार्यक्रमहरुको गाउँ विकास समितिले निरन्तर रुपमा अनुगमन गरी बाधा अड्काउहरु फुकाउने व्यवस्था मिलाउनेछ ।

**ख) श्री ५ को सरकारबाट प्राप्त हुने अनुदानको रकमको छुट्टै अभिलेख राख्नुपर्नेछ ।**

ग) कार्यान्वयन गर्ने निकाय वा **उपभोक्ता समितिले** आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची-७ को ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा गाउँ विकास समितिमा पठाउनुपर्नेछ ।

घ) गाउँ विकास समितिले यो कार्यक्रमको **त्रैमासिक** र वार्षिक समीक्षा सहितको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची-८ को ढाँचामा सम्वन्धित जिल्ला विकास समिति**को कार्यालयमा** नियमित रुपमा पठाउनुपर्नेछ ।

ङ) गाउँ विकास समिति अनुदानबाट संचालित कार्यक्रमको वार्षिक अनुगमन प्रगति प्रतिवेदन र त्यसको समिक्षा सहितको विवरण **गाउँ परिषदमा** छलफल गराई परिषदको **समीक्षा तथा राय** जिल्ला विकास समिति**को कार्यालयमा** पेश गर्नुपर्नेछ ।

### १०.२ जिल्ला विकास समितिबाट अनुगमन

क) जिल्ला विकास समितिले गाउँ विकास समितिको कोषबाट संचालित आयोजनाहरुको नियमित अनुगमन गर्नेछ र यस्ता आयोजनाहरुको सूचना अद्यावधिक गरी राख्नेछ । नियमित अनुगमनको संयोजन जिल्ला विकास समितिले जिल्ला विकास समितिका कुनै पदाधिकारीबाट गराउन सक्नेछ ।

ख) जिल्ला विकास समितिले आफूले गरेको अनुगमन र गाउँ विकास समितिबाट प्राप्त प्रगति प्रतिवेदन समेतको आधारमा अर्धवार्षिक र वार्षिक समीक्षा गर्नेछ । वार्षिक समीक्षा प्रतिवेदन जिल्ला परिषद्मा पेश गर्नुपर्नेछ ।

**ग) स्थानीय विकास अधिकारीले गाउँ विकास समिति अनुदान कोषबाट संचालित आयोजनाहरूको अनुगमन गर्न सक्नेछ । त्यसरी गरेको अनुगमनको प्रतिवेदन जिल्ला विकास समितिमा पेश गर्नुपर्नेछ र निर्देशन दिनुपर्ने भएमा जिल्ला विकास समितिबाट निर्देशन दिनुपर्नेछ ।**

### १०.३ जिल्ला विकास समितिले निर्देशन दिन सक्ने अधिकार

यस निर्देशिका वमोजिम स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार गाउँ विकास समितिबाट काम कारवाही नभएमा जिल्ला विकास समितिले स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुरुप गर्न गराउन गाउँ विकास समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन पालना गर्नुपर्ने गाउँ विकास समितिको कर्तव्य हुनेछ ।

### १०.४ सांसदहरुबाट अनुगमन

प्रतिनिधि सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रभित्र संचालित कार्यक्रमहरुको अनुगमन गरी सम्वन्धित निकायका विभिन्न तहमा आफ्नो सुझाव वा प्रतिवेदन दिन सक्नेछ ।

### १०.५ स्थानीय विकास मन्त्रालयबाट अनुगमन र समीक्षा

क) स्थानीय विकास मन्त्रालयले **कार्यक्रम** अनुगमनको **लागि** उपयुक्त व्यवस्था मिलाउनेछ ।

ख) स्थानीय विकास मन्त्रालयले केन्द्रमा चौमासिक र वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्नेछ र सुधारका लागि आवश्यक निर्देशनहरु **स्थानीय विकास अधिकारीका माध्यमबाट** गाउँ विकास समितिमा पठाउनेछ ।

## 11. प्राविधिक सुपरिवेक्षण, अनुगमन, मूल्यांकन तथा जाँचपास

### ११.१ प्राविधिक मूल्यांकन र जांचपास

क) गाउँ विकास समिति **अन्तर्गत संचालित** आयोजनाहरुको **लागत अनुमान, सुपरिवेक्षण, अनुगमन तथा** मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन**को कार्य स्थानीय विकास अधिकारीको निर्देशनमा जिल्ला प्राविधिक कार्यालयबाट खटिएका प्राविधिकबाट हुनेछ ।**

ख) यस्तो प्राविधिक मूल्यांकन र कार्यसम्पन्न प्रतिवेदन एक तह माथिको प्राविधिकबाट प्रमाणित गराउनुपर्नेछ ।

ग) आयोजनाको अन्तिम मूल्यांकन गर्दा गाउँ विकास समितिको प्रतिनिधि र कार्यान्वयन गर्ने निकायको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

घ) आयोजना कार्यान्वयन गर्ने निकायबाट आयोजना सम्पन्न **भएपछि उपभोक्ता समूहको सहभागितामा समीक्षा गरी सो को** जानकारी गाउँ विकास समितिमा **पठाउनु पर्नेछ । यस्तो जानकारी प्राप्त भएपछि** प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र हिसाव फछ्र्यौटको आधारमा गाउँ विकास समितिले आयोजनाको जाँचपास र फरफारक गर्नुपर्नेछ ।

### ११.२ हिसाव फछ्र्यौट

क) कार्यक्रम संचालनको निमित्त गाउँ विकास समितिबाट प्राप्त रकम वा निर्माण सामग्रीको हिसाव फछ्र्यौट गर्ने जिम्मेवारी कार्यक्रम कार्यान्वयन गर्ने निकायको हुनेछ ।

ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट हिसाव फछ्र्यौटका लागि **विधिवत** कागजात प्राप्त भएपछि गाउँ विकास समितिले हिसाव फछ्र्यौट गरिदिनुपर्नेछ ।

### ११.३ लेखा परीक्षण

क) गाउँ विकास समितिको कोषको आयव्ययको आन्तरिक लेखा परीक्षण **स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ (१) बमोजिम जिल्ला विकास समितिले गर्नेछ ।**

ख) गाउँ विकास समितिको कोषको अन्तिम लेखा परीक्षण **गाउँ परिषद्बाट गठित लेखा समितिको सिफारिशमा जिल्ला विकास समितिले स्वीकृत गरेको लेखापरीक्षकबाट गराउनु** पर्नेछ ।

ग) आन्तरिक र अन्तिम लेखा परीक्षण प्रतिवेदनहरु गाउँ विकास समितिले जिल्ला विकास समिति**को कार्यालय**मा पठाउनु पर्नेछ ।

घ) गाउँ विकास समितिले लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गराउनुपर्नेछ ।

**ङ) गाउँ परिषद्बाट गठित लेखा समितिले स्थानीय स्वायत्त शासन ऐनको दफा ६९(४) बमोजिम आफ्नो राय सहित लेखा परीक्षण प्रदिवेन गाउँ परिषदमा पेश गर्नुपर्नेछ ।**

**च) गाउँ विकास समितिले** लेखा परीक्षणबाट देखाइएका बेरुजुहरु प्रचलित कानून बमोजिम नियमित गर्न मिल्ने भए नियमित गर्नेछ र नियमित गर्न नमिल्ने बेरुजुको हकमा प्रचलित कानून अनुसार आवश्यक कारवाही गर्नेछ ।

## 12. आयोजनाको संचालन र मर्मत सम्भार

**क) गाउँ विकास समितिले गाउँ विकास समिति क्षेत्र भित्र सम्पन्न भई जाँचपास फरफारक भइसकेका आयोजनाहरूको लगत अनुसूची-९ बमोजिम राख्नु पर्नेछ ।**

ख) उपभोक्ता समितिबाहेक **गैरसरकारी संस्था वा** अन्य निकायबाट कार्यान्वयन भएका आयोजनाहरु आयोजना जाँचपास भैसकेपछि कार्यान्वयन गर्ने निकायले त्यस्ता आयोजनाहरु गाउँ विकास समितिको प्रतिनिधिको रोहवरमा सम्वन्धित उपभोक्ता समूहलाई संचालन र मर्मत सम्भारको लागि जिम्मा दिनेछ ।

ग) उपभोक्ता समितिले उपभोक्ताहरुबाट तय भए अनुसारको सेवा शुल्क समेत लिन सक्ने गरी आयोजनाको नियमित संचालत र मर्मत सम्भार गर्नेछ ।

घ) दैवीप्रकोपबाट क्षतिग्रस्त भै मर्मत सम्भार गर्नुपर्ने बाहेक अन्य कारणबाट गर्नुपर्ने मर्मत सम्भार उपभोक्ता समिति आफैंले गर्नुपर्नेछ ।

ङ) आयोजनाहरुको सुसंचालन र मर्मत सम्भारको रेखदेख र सुपरिवेक्षण गाउँ विकास समितिले नियमित रुपमा गराउनेछ ।

## 13. अनुदान रकम रोक्का गर्न सकिने

कार्यक्रमलाई प्राप्त रकमको हिनामिना, दुरुपयोग गर्ने र निर्धारित समयमै कार्य सम्पन्न नगर्ने, **आर्थिक अनुशासन कायम नगर्ने** गाउँ विकास समितिलाई श्री ५ को सरकारले **उपलब्ध गराउने अनुदान रकम निकाशा आंशिक वा पूरा** रोक्का गर्न सक्नेछ ।

## 14. सुविधाको व्यवस्था

**यस निर्देशिका बमोजिम आर्थिक कारोवार गर्दा** स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ **तथा परिषद्बाट स्वीकृत विनियम बमोजिम गर्नुपर्नेछ ।**

## 15. कार्यक्रम संचालन सम्वन्धी कार्यतालिका

| | कार्यहरु | समय तालिका |
|---|---|---|
| १. | आगामी आर्थिक वर्षको कार्यक्रम, बजेट तर्जुमा र स्वीकृति | पुष मसान्त भित्र |
| २. | चालू आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन गर्न उपभोक्ता समितिको गठन र सम्झौता (**गाउँ विकास समितिमा रकम प्राप्त भएको मितिले १५ दिन भित्र वा वैकल्पिक व्यवस्था भए तदनुरुप व्यवस्था भएको १५ दिन भित्र**) | **रकम प्राप्त भएको मितिले १५ दिनभित्र** |
| ३. | **उपभोक्ता समितिसाग भएको सम्झौता बमोजिम निम्न व्यवस्था** | |
| | क. निर्माण सामग्रीको व्यवस्था | कार्तिक मसान्तसम्म |
| | ख. योजनाको कार्यान्वयन | चैत मसान्तसम्म |
| | ग. जाँचापास र फरफारक | जेठ १५ सम्म |
| ४. | **चौमासिक र** वार्षिक प्रतिवेदन जिल्ला विकास समिति**को कार्यालयमा**मा पठाउने | साउन ७ सम्म |

## 16. अन्य

यसमा प्रयोग हुने अनुसूचीहरुमा हेरफेर तथा थपघट **आवश्यकतानुसार** स्थानीय विकास मन्त्रालयले उपलब्ध गराउनेछ ।

## 17. खारेजी र बचाउ

**गाउँ विकास समिति अनुदान कार्यक्रम संचालन निर्देशिका, २०५५ खारेज गरिएको छ र उक्त निर्देशिका बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।**